# आठबिसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठबिसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७६/०६/३०

पत्र संख्याः२०७६/०७७(सू.प्र/अ.व्य.केन्द्र)

चलानी नम्बर ..............

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०७६/०६/३० गते)

आठबिसकोट नगरपालिकाको स्वीकृत संगठन संरचना र दरवन्दी विवरण अनुसार यस नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शैक्षिक गुणस्तर सुधार गरि जीवनोपयोगीतथा गुणस्तरीय शिक्षा कायम गर्न, शैक्षिक गुणस्तर परीक्षण केन्द्र **(Education Review Office (ERO)** स्थापनाका लागि खुला प्रतियोगितात्मक परीक्षाद्वारा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले देहायका पद र संख्यामा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

१. आवश्यक पद संख्याः

| विज्ञापन नं. | पद | खुल्ला | जम्मा |
|---|---|---|---|
| ०५-०७६/७७ | शिक्षा परिक्षक | १ (एक) | १ (एक) |
| ०६-०७६/७७ | सहायक शिक्षा परिक्षक | १ (एक) | १ (एक) |
| ०७-०७६/७७ | शिक्षा सहायक | २ (दुई) | २ (दुई) |
| ०८-०७६/७७ | कम्प्युटर अपरेटर | १ (एक) | १ (एक) |

२. आवश्यक न्युनतम शैक्षिक योग्यताः

- **शिक्षा परिक्षकको लागी**ः मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर वा सो सरह शैक्षिक योग्यता हासिल गरी सूचना प्रविधि सम्बन्धी ज्ञान भएका नेपाल प्रशासन सेवा वा नेपाल शिक्षा सेवाको कम्तीमा राजपत्राङ्कित तृतिय श्रेणी वा सो सरहको पदमा काम गरेका वा काम गर्न योग्य ।
- **सहायक शिक्षा परिक्षकको लागी**ः मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक वा सो सरह उत्तिर्ण गरी सूचना प्रविधि सम्बन्धी राम्रो ज्ञान भएका नेपाल प्रशासन सेवा वा शिक्षा सेवाको कम्तिमा अधिकृत छैठौं तहको पदमा कार्य गरेको वा कार्य गर्न योग्य ।
- **शिक्षा सहायकको लागीः** मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट कम्तिमा स्नातक वा सो सरह उत्तिर्ण भई कम्प्युटर सम्बन्धी ज्ञान हासिल गरी प्रशासन सेवा वा शिक्षा सेवाको कम्तिमा सहायक पाँचौ तहको पदमा कार्य गरेको वा कार्य गर्न योग्य ।
- **कम्प्युटर अपरेटरको लागी**ः मान्यता प्राप्त शिक्षण संस्थाबाटबाट स्नातक वा सो सरह उत्तिर्ण भई कम्तिमा डिप्लोमा तहको कम्प्युटर तालिम लिई विविध सेवाको कम्तिमा पाँचौ तह अन्तरगत कम्प्युटर अपरेटरको रुपमा कार्य गरेको वा गर्न योग्य ।

*(नोटः आठबिसकोट नगरपालिका भित्रका स्थायी/अस्थायी/करार शिक्षकहरुले पनि दरखास्त दिन सकिने ।)*

३. **दरखास्त दिने स्थानः-** आठबिसकोट नगरपालिकाको कार्यालय, रूकुम (पश्चिम) ।

४. **दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरुः-**

क) व्यक्तिगत विवरण (BIO-DATA) १ (एक) प्रति ।
ख) नेपाली नागरिकताको प्रतिलिपि १ (एक) प्रति ।
ग) हाल सालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति ।
घ) आफूले प्राप्त गरेको शैक्षिक योग्यता तथा अनुभवका प्रमाण पत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं. ९७४१३८९९६१, ९७४८५८३१३८

मितिः २०७६/०६/३०

पत्र संख्याः२०७६/०७७(सू.प्र/अ.व्य.केन्द्र)

चलानी नम्बर ..............

ङ) दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडि पट्टि सक्कल बमोजिम नक्कल ठिक छ भनि उम्मेदवार स्वयंले दस्तखत गर्नु पर्नेछ ।

५. दरखास्त राजस्व (दस्तुर):

| पद | शिक्षा परिक्षक | सहायक शिक्षा परिक्षक | शिक्षा सहायक | कम्प्युटर अपरेटर |
|---|---|---|---|---|
| परीक्षा दस्तुर | ३५००।- | ३०००।- | २६००।- | २६००।- |

६. **दरखास्त फारम बुझाउने मितिः**-२०७६/०६/३० गते देखि २०७६/०७/०६ गतेसम्म (कार्यालय समयभित्र) दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परे त्यसको भोलिपल्ट दरखास्त दिन सकिने ।

७. **छनौट विधि** : आठविसकोट नगरपालिका करारमा कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०७४ बमोजिम लिखित, मौखिक र अन्तरवार्ता ।

८. **सम्पर्क मिति तथा स्थानः**-२०७६/०७/०७ गते, विहान ११:०० बजे दरखास्त फाराम दर्ता गर्ने सम्बन्धित कार्यालय । साथै परीक्षा मिति, समय र स्थान यहि सम्पर्क मितिमा तोकिने छ । सोको जानकारी सूचना बोर्ड, वेबसाईट तथा सामाजिक संजालमा प्रकाशन गरिने छ ।

९. **तलब/स्केलः**- प्रचलित स्केल बमोजिम हुने ।

१०. लिखित परीक्षाः

| पत्र | विषय | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| प्रथम पत्र | बौद्धिक परीक्षण | १०० | शिक्षा परिक्षकः लोक सेवा आयोगको रा.प. तृतीय श्रेणीको पाठ्यक्रममा आधारित हुने । सहायक शिक्षा परिक्षकः स्थानीय तहको अधिकृत छैठौं तहको पाठ्यक्रममा आधारित । शिक्षा सहायकः रा.प.अं प्रथम श्रेणीको पाठ्यक्रममा आधारित हुने । कम्प्युटर अपरेटरः रा.प.अं प्रथम श्रेणीको पाठ्यक्रममा आधारित हुने |
| द्वितीय पत्र | सेवा सम्बन्धी | १०० | |
| Computer Skill Text | | १० | |
| Project Proposal Preparation | | ५० | |
| Interview | | २० | |

११. **दरखास्त फारमको राजस्व तिर्ने तरिकाः** बँदा नं. २ र ४ मा उल्लेख भएको न्युनतम योग्यता र कागजात एवं बँदा नं. ५ मा तोकिएको परीक्षा दस्तुर सेन्चूरी कर्मसियल बैंक शाखा कार्यालय, आठविसकोटमा रहेको यस नगरपालिका कार्यालयको आन्तरिक राजस्व खाता नं. **+0920000005 GE** मा जम्मा गरी सोको सक्कल भौचर संलग्न राखी स्वयम् उपस्थित भई वा ईमेलबाट समेत आवेदन दिन सकिने साथै आवेदन फारम यस नगरपालिकाको अफिसियल वेबसाईट www.aathbis-kotmu.gov.np बाट डाउनलोड गरी उल्लेखित विवरणहरु भर्नुपर्नेछ ।

१२. **थप जानकारीका लागिः**- सम्पर्क नं. ९७४८५८३१३८, ९७४१३८९९६१, ९८४९२८१०९७

वेबसाईटः- **www.aathbiskotmun.gov.np** ईमेलः-aathbiskotmun073@gmail.com

१३. रित नपुगी आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन् ।

१४. उमेर हद :– शिक्षा परिक्षक र सहायक शिक्षा परिक्षकको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको, शिक्षा सहायक र कम्प्युटर अपरेटरको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको, आठविसकोट नगरपालिका भित्रका स्थायी शिक्षकहरुको हकमा उमेर हद नलाग्ने तर अस्थायी/करार/राहत शिक्षक तथा कर्मचारीहरुको हकमा ४५ ननाघेको

कर्मचारी छनौट समिति
आठविसकोट नगरपालिका, रूकुम (पश्चिम)